# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः २६ जून २०२५
### समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- राज्यको दीघामा जगन्नाथ मंदिरबाट पहिलो पटक निकालिने रथयात्राको सम्बन्धमा मुख्यमंत्री ममता ब्यानर्जीले सुरक्षा व्यवस्थाको निरीक्षण गर्नुभएको छ।

- कलकत्ताको सेसन कोर्ट अर्थात् बनसल कोर्टले आज मदन तामांगको हत्या भएको १५ बर्ष पछि हत्या काण्ड का सबै आरोपी बिरुद्ध चार्ज फ्रेम गरेको छ।

- आज अंतरराष्ट्रीय नशा मुक्ति दिवस हो।

- गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन का प्रमुख कार्यापाल अनित थापाले आज मिरिक महकुमा अन्तर्गत फुवागडी सार्वाजनिक भवनमा ६ वटा सडक योजनाको शिलान्यास गर्नुभयो।

- मौसम विभागले राज्यको धेरै जिल्लाहरुमा आगामी दिनहरुमा भारी वर्षा हुने संभावना व्यक्त गरेको छ।

**दीघा-रथ यात्रा**

राज्यको दीघामा जगन्नाथ मंदिरबाट पहिलो पटक निकालिने रथयात्रालाई लिएर धेरै उत्साह देखिन्दैछ। राज्य सरकारले यस सम्बन्धमा व्यापक सुरक्षा तथा व्यवस्थाहरुको तैयारी गरेको छ। मुख्यमंत्री ममता बनर्जीले स्वयं हिज बुधवार दीघा पुग्नु भएर मंदिर परिसरमा व्यवस्थाहरुको निरीक्षण गर्नुभयो। मुख्यमंत्रीले आज जगन्नाथ मंदिर ट्रस्ट कमिटीसित उच्चस्तरीय बैठक पनि गर्नुभयो। बैठक पछि उहाँले सड़क साथै रथको आकार अनि दिशाको निरीक्षण गर्नुभयो। यस अवधि पत्रकारहरुसित कुराकानीमा मुख्यमंत्रीले भोलि शुक्रवार बिहान 9 बजेर 30 मिनटमा पूजा शुरू हुने अनि दिउँसो 2 बजेर ३० मिनटमा रथ यात्रा शुरू हुने बताउनुभयो। रथ यात्रामा हजारौ श्रद्धालु रहने संभावनालाई ध्यानमा राख्दै सुरक्षाको कड़ा व्यवस्था गरिएको छ। यसको साथै प्रशासनको तर्फबाट रथयात्राको अवधि कुनै प्रकारको पनि अव्यवस्थालाई रोक्नकोलागि सबै तैयारी गरिन्दैछ भने श्रद्धालुहरुलाई संयम बनाई राख्ने अपील पनि गरिएको छ।

**मदन तामांग**

आज कलकत्ताको सेसन कोर्ट अर्थात् बनसल कोर्टले मदन तामांगको हत्या भएको १५ बर्ष पछि हत्या काण्ड का सबै आरोपी बिरुद्ध चार्ज फ्रेम गरेको छ जसको कारण मदन तामांग हत्याकाण्ड मा पुनः गवाही पेश हुने भएको छ| यसै बीच आरोपी हरु trial को समय दार्जीलिंग कोर्टमा अनिवार्य रुपले उपस्थित हुन पर्नेछ जहाँ video कन्फेरेंसको माध्यम द्वारा trial गरिने बताइएको छ| हत्याकाण्ड का सम्पूर्ण साक्षी हरुलाई यदि न्यायालयले डाकेको खण्डमा कोलकत्ताको बनसल न्यायालयमा उपस्थित हुन पर्ने आदेश समेत न्यायालयले दिएको रिपोर्टमा उल्लेख गरिएको छ| मदन तामांग हत्याकाण्ड

मामिलाको अघिल्लो सुनवाई आगामी २३ जुलाई २०२५ को दिन हुने भएको पनि रिपोर्टमा जनाइएको छ| उल्लेखनीय छ अखिल भारतीय गोर्खा लिग नेता मदन तामांग हत्या काण्डको आरोपी सुची बाट १७ अगस्त २०१७ मा सिटी सेसन कोर्ट द्वारा गोजमुमो अद्यक्ष तथा पूर्व जी.टि.ए. प्रमुख बिमल गुरुंगलाई मक्त गरिएको थियो भने १३ जुन २०२४ को दिन सिटी सेसन कोर्टको यस निर्णय लाई रद्द गर्दै कलकत्ता उच्च न्यायालयले गुरुंगलाई पुनः आरोपी बनाएको थियो| स्मरण गराइन्छ कि २१ मई २०१० को दिन दार्जीलिंग club side परिसरमा अभागोली नेता तामांगले जनसभालाई सम्बोधन गर्न अघि नै तिनको निर्मम हत्या भएको थियो| मदन तामांग हत्या काण्डको जांच प्रथममा CID ले गरि रहेको थियो भने २२ अगस्त २०१० को दिन यस हत्याका मुख्य अरोपि निक्कल तामांग CID custody बाट भागे तब यो मुद्दा CBI लाई सुम्पने भएको थियो त्यस पछि CBI ले २९ मई २०१५ मा बिमल गुरुङ लगायत उनका ४७ जना सहयोगी हरु बिरुद्ध चार्ज सीट फाइल गरिएको थियो|

**अंतरराष्ट्रीय नशा मुक्ति दिवस**

आज अंतरराष्ट्रीय नशा मुक्ति दिवस हो। यो दिवस मुख्य रूपले नशा मुक्त समाजको निर्माणको लागि विश्व भरी मनाइन्छ। यस अवसरमा सिलीगुड़ी मेट्रोपोलिटन पुलिस अंतर्गत थानाहरुको तर्फबाट जागरूकता रैलीको आयोजन गरियो। आज निकालिएको रैलीहरुमा विध्यार्थीहरु, शिक्षकगण सहित एनसीसी केडर तथा थाना प्रभारी एवं पुलिस अधिकारीहरु शामेल थिए। छात्रहरुले आज रैली निकालेर स्वस्थ समाजको निर्माणको संदेश दिएका छन्।

**दार्जीलिङ ड्रग**

दाजीलिङ पहाड़लाई ड्रग मुक्त बनाउनका लागि पुलिसले विशेष अभियान चलाइरहेको छ। यस मामिलाको निगरानी स्वयं दार्जीलिङका जिल्ला पुलिस अधीक्षक रवीन प्रकाशले गर्दैहुनुहुन्छ। उहाँले थानाहरूलाई मादक पदार्थ तश्करी र सेवन विरूद्ध कठोर कार्यवाहीको निर्देश दिनुभएको छ। विगत एक सातादेखि पुलिसले गरेको कार्यवाहीमा दार्जीलिङको सिंगला देखि लिएर सिलीगुड़ीको फाँसीदेवा, नक्सलबारी क्षेत्रसम्म चलाईएको विशेष अभियानमा दर्जनौ ड्रग माफिया र तश्करहरूलाई पक्राउ गरिएको छ भने करोड़ौ रूपियाँको मादक पदार्थ जफ्त गरिएको छ। खरसांगमा पनि विशेष कार्यवाही चलिरहेको सब डिभिजनल पुलिस अधिकारी (एस.डी.पी.ओ) खरसांग मिर्जा मुनिष शाहले भन्नुभएको छ।

**मिरिक-सड़क योजना**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन का प्रमुख कार्यापाल अनित थापाले आज मिरिक महकुमा अन्तर्गत फुवागडी सार्वाजनिक भवनमा ६ वटा सडक योजनाको शिलान्यास गर्नुभयो। जिटिए पञ्चायत अनि ग्रामीण बिकास बिभाग मार्फत यी योजनाहरु प्रधानमन्त्री ग्राम सडक योजना अन्तर्गत निर्माण तथा मर्मती हुनेछ । श्री थापाले आफ्नो सम्बोधनमा आफू पहाडमा शान्ति अनि बिकास को पक्षमा रहेको बताउनु भयो । यस अघि फुवागडी चियाबारीको डाडा गाउँ स्थित उर्गेन थेग्छोक छोइलिङ्ग गुम्बामा आयोजित एक धार्मिक कार्यक्रममा पनि सहभागी हुनुभयो।

**मौसम**

दक्षिण बंगालमा फेरि एउटा चक्रवात सक्रिय बनेको छ, जसको करण धेरै जिल्लाहरुमा भारी वर्षाको संभावना मौसम विभागद्वारा व्यक्त गरिएको छ। विभाग अनुसार यो स्थिति आगामी 28 जून सम्म बनी रहनेछ। मौसम विभागले आजदेखि आगामी केही दिन सम्मको लागि बंगालका विभिन्न जिल्लाहरुमा येलो अनि ऑरेंज अलर्ट जारी गरेको छ। भोलि 27 जून, रथयात्राको दिन पनि दक्षिण बंगालका धेरै भागहरुमा भारी वर्षा हुन सक्ने आशंका विभागले व्यक्त गरेको छ भने पूर्वी मेदिनीपुर मा वर्षा अपेक्षाकृत कम रहनेछ। विगत केही दिनहरु जस्तै बीरभूम, पूर्व एवं पश्चिम बर्धमान, पश्चिम मेदिनीपुर, झाड़ग्राम, पुरुलिया अनि बांकुड़ा जिल्लामा पनि येलो अलर्ट जारी गरिएको छ। आगामी

एक जुलाई सम्म सम्पूर्ण बंगालमा लगातार वर्षा जारी रहने सक्नेछ। यसको साथै आगामी 28 जूनमा उत्तर बंगालका पांच जिल्लाहरु जलपाईगुड़ी, अलीपुरद्वार, दार्जिलिंग, कालेबुङ्ग अनि कूचबिहार मा भारी वर्षाको संभावना छ, जसमा जलपाईगुड़ी अनि अलीपुरद्वारको लागि ऑरेंज अलर्ट जारी-गरिएको-छ।

**मकैबारी- पाठशाला भ्रमण**

जीटीएको पंखाबारी अम्बटे लङ्भ्यु समष्टिका सभासद कल्पना प्रधानले आज मकैबारी चियाबगान अन्तर्गत कैलापानी अनि यहाँको कोदोबारी गाउँमा अवस्थिनत जीर्ण अवस्थामा रहेको प्राथमिक पाठशालाको भ्रमण गर्नुभयो। उहाँले पाठशालाको भ्रमण गरी शिक्षक शिक्षिकाहरूसित भेट-वार्ता पनि गर्नुभयो तथा पाठशालाको समस्याबारे जानकारी लिनुभयो। यस अवधि उहाँले आफ्नो पक्षबाट स्कूल भवन निर्माणको निम्ति सम्बन्धित विभागसित कुरा राखेको तथा अवश्यनै विद्यालय भवन निर्माण हुने प्रतिश्रुति दिनुभयो।

**सिटोङ**

सिटोङ लाटपञ्चर समष्टि अन्तर्गत रहेको सेलपु उच्च माध्यमिक पाठशालामा सम्पन्न विद्यालय प्रबन्धन समितिको चुनावमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा (बीजीपीएम) ले ऐतिहासिक विजय प्राप्त गरेको छ। आज सम्पन्न चुनावमा बीजीपीएमका सबै छ जना उम्मेदवार भारी मतान्तरले विजयी भएका छन्। चुनावमा कुल ६२ प्रतिशत मतदाताहरूले आफ्नो मताधिकार प्रयोग गरेका थिए। प्राप्त परिणाम अनुसार बीजीपीएमले ५२ प्रतिशत मत प्राप्त गर्दै विद्यालय प्रबन्धन समितिको सम्पूर्ण नेतृत्व हात पारेको छ। अब बीजीपीएमले नै विद्यालय प्रबन्धन समिति गठन गर्ने भएको छ। यस जित साथै स्थानीय शिक्षा क्षेत्रमा बीजीपीएमको प्रभाव अझ सशक्त हुने विश्वास गरिएको छ। विजयी उम्मेदवारहरू र समर्थकहरूमा उत्साह छाएको छ भने विद्यालय समुदायले नयाँ नेतृत्वबाट सकारात्मक परिवर्तनको अपेक्षा गरेको छ।

**छिपकली**

उत्तर बंगाल फ्रंटियर अंतर्गत रायगंज सेक्टरको सीमा सुरक्षा बल (बीएसएफ) का जवानहरुले भारतीय सीमावर्ती गांव उत्तर आगराबाट एक दुर्लभ टोके गेको छिपकली जफ्त गरेको छ। आज बीएसएफको तर्फबाट प्रेस विज्ञप्ति जारी गरी यसको जानकारी दिइएको छ। बीएसएफ अनुसार, एक विशिष्ट सूचना माथि गरिएको कार्यवाही अन्तर्गत भारतीय सीमावर्ती गांव उत्तर आगरा मा जवानहरुलाई सीमा नजिक एउटा बक्सा भित्र छिपकली प्राप्त भएको छ। दस इंच लामो छिपकली दुर्लभ जंगली प्रजातिको हो। टोके गेको वन्यजीव संरक्षण अधिनियम 1972 को अनुसूची 1 अन्तर्गत छिपकलीको एक दुर्लभ अनि सर्वोच्च संरक्षित प्रजाति हो।

****** ० ******